नेपाल सरकार

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

छात्रबृत्ति शाखा, केशरमहल

PTAP कार्यक्रम अन्तरगतको MBBS , BDS & BSc Engineering विषयको छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त फाराम भर्ने बारे जरुरी सूचना।

नेपाल सरकारलाई शैक्षिक सत्र २०१९/२०२० का लागि पाकिस्तान सरकारबाट Pakistan Technical Assistance Programme (PTAP) अन्तरगत प्राप्त छात्रबृत्ति सिट मध्ये MBBS विषयमा १० सिट , BDS विषयमा १ सिट र BSc Engineering ६ सिट प्राप्त हुन आएकाले छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम साधारण तथा आरक्षण तर्फ देहायबमोजिम सिट कायम गरी उक्त सिटहरुमा नियमानुसार मनोनयनका लागि तोकेको योग्यता पूरा गरेका MBBS र BDS को हकमा IOM को नतिजा सूचीको आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७५ कार्तिकको योग्यता सूचीमा (Merit List) रहेका उम्मेदवारहरूबाट र BSc Engineering को लागि IOE ले २०७६ साल साउनमा सञ्चालन तथा प्रकाशन गरेको योग्यता सूचीमा (Merit List) रहेका उम्मेदवारहरूबाट मिति **२०७६ भाद्र २ गते देखि ऐ ८ गते** सम्म कार्यालय समय भित्र यस शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## क) प्राप्त सिट संख्या र समूहगत कोटा विभाजन

| विषय | छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम समूहगत कोटा विभाजन | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राप्त जम्मा सिट संख्या | साधारण तर्फको सिट संख्या | आरक्षण तर्फको सिट संख्या | | | |
| | | | महिला | जनजाती | मधेसी | दलित |
| MBBS | १० | ६ | १ | १ | १ | १ |
| BDS | १ | १ | x | x | x | x |
| BSC Engineering | ६ | ३ | १ | १ | १ | x |

## ख) सम्बन्धित संस्थाले तोकेको न्यूनतम योग्यता

| Discipline | Subjects | Score |
|---|---|---|
| MBBS and BDS | Chemistry, Biology and Physics or Mathematics | 1) At least 70% marks in HSSC of its equivalent after conversion from Inter Board Committee of Chairmen (IBCC).<br>**2)** Candidates are required to have secured at least 60% marks in Entry Test.<br>**OR**<br>In lieu of Entry Test, Candidates are required to have passed SAT-II examination with a minimum of "550" marks in each of the three subjects, of which two have to be biology and chemistry.<br>**OR**<br>A foreign MCAT with a minimum aggregate score of 500. |

| Discipline | Subjects | Score |
|---|---|---|
| | | 3) In case, Medium of instruction is not English in the qualifying examination, then candidates will have to provide a valid TOEFL or IELTS score of 550 or 5.5 respectively.<br>**OR**<br>Certification by National University of Modern Language (NUML), Islamabad after one year English Language Course. (NUML), Islamabad after one year English Language Course. |
| BSC Engineering | Physics, Chemistry, and Mathematics | 1) At least 60% marks in HSSC or equivalent examination<br>2) As prescribed by some of the Universities, Candidates are required to have passed SAT-I and SAT-II or Entry Test.<br>3) In case, Medium of instruction is not English in the qualifying examination, then candidates will have to provide a valid TOEFL or IELTS score of 550 or 5.5 respectively.<br>**OR**<br>Certification by National University of Modern Language (NUML), Islamabad after one year English Language Course. |

## ग) सम्बन्धित संस्थाले तोकेको Condition for admission

a) Seats for foreign students are available in the institutions throughout Pakistan and the placement of students is done by EAD on the basis of merit, choice of students and the availability of slots. Moreover, institutions are not bound to entertain the students after expiry of their prescribed deadline.

b) The general eligibility /final selection of students will be made by the institutions concerned keeping in view their admission criteria.

c) Eligibility of students in terms of equivalence of certificates and grades will be determined by Inter Board Committee of Chairmen (IBCC), Islamabad. Concerned Embasisses/students are bound to submit their equivalence certificates issued by IBCC, Islamabad along with their application forms.

d) The Student admitted under PTAP will be required to pay the prescribed fee applicable under the program to the institution concerned. **Expenses on traveling, boarding and lodging etc. are also to be borne by students themselves.**

e) Migration from one institute to another shall be governed by the relevant policy of the institutions concerned.

f) Exemption from tuition fee and other dues will be dealt as per policy of the Institutions concerned.

**घ) <u>दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>**

- ❖ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी- १ थान
- ❖ शिक्षा मन्त्रालयबाट प्रदान गरिएको योग्यताक्रमको दरखास्त दर्ताको निस्साको प्रतिलिपी- १ थान
- ❖ BSc. Engineering विषयको हकमा त्रि. वि. वि. , इन्जिनियरिङ अध्ययन संस्थान (IoE), पुल्चोक बाट २०७६ साल साउन महिनामा लिइएको प्रबेश परीक्षाको प्रबेशपत्रको प्रतिलिपी- १ थान
- ❖ एस एल सी परीक्षा उतिर्ण भएको प्रमाणपत्रहरुको प्रतिलिपी- १ थान
- ❖ कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण भएको ट्रान्सक्रिप्ट तथा प्रमाणपत्रहरुको प्रतिलिपी- १ थान
- ❖ BSc. Engineering विषयमा दरखास्त दिनेले राजस्व वापतको रकम रु १००० (रुपैया एक हजार) राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा छात्रवृत्ति शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर पेश गर्नुपर्ने छ।
- ❖ साधारण समूह (General Group) का लागि माथि तोकिएका कागजात र देहायअनुसारका कागजात पेश गर्नुपर्ने छ।
  १). १० +२ वा सो सरहको परीक्षा उत्तीर्ण भएको Transcript, Original/Provisional Certificate को प्रतिलिपि, नेपाल बाहिरको बोर्ड भए सम्बन्धित बोर्डबाट जारी गरिएको Marksheet का साथ Pass Certificate / degree awarded certificate/Provisional Certificate/Migration Certificate र समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि,
  २). SLC/SCE को Marksheet र Original Certificate को प्रतिलिपि
  ३). नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम, थर तथा जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय सरकारको सिफारिस पत्र।
- ❖ <u>माथि उल्लेखित सम्बन्धित संस्थाले तोकेको न्युनतम योग्यता पूरा गरी</u> सो बमोजिम अंक समेत प्राप्त गरेका प्रमाणपत्रहरुको प्रतिलिपी - १ थान

**ङ. आरक्षण समूह तर्फको लागि (**BSc. Engineering समूहको हकमा मात्र)

BSc. Engineering समूहमा आरक्षणका लागि निवेदन गर्नेहरूले निवेदनसाथ देहायअनुसारका कागजपत्र पेश गर्नुपर्ने छ।

(क) SLC उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी शिक्षा विकास तथा समन्वय इकाइ वा स्थानीय सरकारले प्रदान गरेको सिफारिस पत्र

(ख) सम्बन्धित व्यक्ति बसोबास गरेको गा.वि.स./न.पा./उपमहानगरपालिका वा महानगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची १अनुरुपको ढाँचामा मिति २०७६ साल भाद्र ०२ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७६।०५।०८ सम्ममा जारी गरेको विपन्नताको सफारिस पत्र।

(ग ) निवेदकले आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहायका निकायको सिफारिस पत्र पेश गर्ने

१. मधेशीः सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको पत्र

२. महिलाः विपन्नता र सामुदायिक विद्यालयको हो भनी शिक्षा समन्वय इकाइ वा सम्बन्धित स्थानीय सरकारबाट प्रमाणित गरिएको पत्र

३. जनजातिः आदिवासी जनजाति राष्ट्रय उत्थान प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा जनजाति परिचय पत्र (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सूचिकृत जातिमात्र)

४ सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र वा दलित परिचयपत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत मात्र )

५. अन्य विद्यालयको आरक्षण समूहः यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरूले माथि साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुँदा नं (घ) अनुसारको कागजात पेश गर्नुपर्ने छ।

(घ) आरक्षणका लागि पेश गर्नुपर्ने कागजात प्राप्त हुन नआएमा आरक्षण तर्फको दरखास्त अस्वीकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा जानकारी गराइन्छ।

७. विपन्नताको सिफारिसको ढाँचा

अनुसूची–१ख.

(नियम १३क. को )उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

केशरमहल, काठमाडौं

विषय – विपन्नको सिफारिस गरिएको।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति÷नातिनी श्री ....................... .. को छोरा÷छोरी ........... जिल्ला ................ गा.वि.स.÷न.पा.÷उ.म.न.पा÷म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री÷सुश्री÷श्रीमती ................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन्। निज ....................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ।

सिफारिस गर्नेको,–

सहीः

नामः

पदः

कार्यालयः

मितिः

कार्यालयको छापः

***नोट :- दरखास्त फाराम वेभसाइटबाट डाउनलोड गर्न सकिने छ। दरखास्त फाराम बुझाउदा पेश गर्नुपर्ने आबश्यक कागजातहरुको सक्कल प्रमाणपत्र देखाउनु पर्नेछ। तोकिएको म्याद नाघी आएको दरखास्त लिइने छैन।***